नेपाली

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation

Vol.39 | 2024.03






यी आर्थिक वर्ष 2023 सालका गतिविधिहरूको दृश्य हुन्।

## 【आर्थिक वर्ष 2024 सालको अन्तर्राष्ट्रिय सहर ओताको दूत (कुल, ओता सहर दूत) को आवेदन खुला गरिएको छ।】

ओता सहरमा ओता सहरको आकर्षण तथा जानकारी प्रचार गर्ने "कुल, ओता सहर दूत (Cool OTA-KU ambassador)" (निकनेम) को आवेदन खुला गरिएको छ।

- ●आवेदन योग्यता: ओता सहर भित्र बसोबास, काम, अध्ययन आदि गर्ने ओता सहरसँग सम्बन्ध भएका 18 वर्ष वा सोभन्दा बढीका विदेशी नागरिकहरू
- ●दूतको भूमिका: ① SNS र व्यक्तिगत सञ्जाल आदिको उपयोग गरी ओता सहरको आकर्षणको प्रचार गर्ने
  ② ओता सहर आदिद्वारा आयोजना गरिने इभेन्ट, आदानप्रदान कार्यक्रम आदिमा सहभागी हुने
- ●कार्यभार अवधि: 2024 साल जुलाई~2026 साल जुन (योजना)
- ●आवेदन म्याद: 2024 साल अप्रिल 8 तारिख (सोमबार) 5:00 pm सम्ममा अनिवार्य रूपमा आइपुग्नुपर्नेछ।
- ●आवेदन दिने तरिका: आवेदन फाराम आदि लिएर आउनुहोस् वा हुलाक, FAX वा इमेलद्वारा आवेदन दिनुहोस्।
  विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्।



गतिविधिहरूमा भाग लिने क्रममा अझ धेरै ओता सहरबारे जान्ने अवसरहरू प्राप्त हुनुका साथै धेरै मान्छेहरूसँग चिनजान पनि हुन्छ। तपाईं पनि ओता सहरमा सक्रिय भूमिका निर्वाह गर्न चाहनुहुन्छ? हामी तपाईंको आवेदन पर्खिरहेका छौं।

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा　अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवनको जिम्मेवार कर्मचार
〒144-0052　ओता सहर कामाता 4-16-8 2F　ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227　FAX 03-5744-1323　E-mail　boshu-kokusai@city.ota.tokyo.jp

## 【नियमको पालना गरी फोहोर फाल्नको लागि निकालौं】

हरेक दिन घरबाट निस्कने स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर। के तपाई वर्गीकरण गर्दा दोधारमा पर्नुभएको त छैन? यस पटक हामी विशेष रूपमा धेरै गल्ती हुने वर्गीकरणबारे जानकारी गराउनेछौं।



©Ota City

### ○1 ठूलो आकारको फोहोर

कुनै एक साइडको लम्बाइ लगभग 30 cm वा सोभन्दा बढी भएको सामानलाई ठूलो आकारको फोहोर मानिन्छ। विभाजन गरेर झोलामा हालिएको फोहोर पनि, त्यसको मूल साइज 30 cm वा सोभन्दा बढी भएमा, त्यसलाई ठूलो आकारको फोहोर मानिन्छ।

### ○2 सामग्रीको भिन्नता

सामग्री र त्यसको अनुपात अनुसार फोहोर फाल्नको लागि निकाल्ने तरिका फरक हुन्छ। सबैभन्दा बढी अनुपातमा रहेको सामग्रीको नष्ट विधि अनुसार फाल्नको लागि निकाल्नुहोस्।


ओता सहरमा "विदेशी भाषा संस्करण, स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर वर्गीकरण गर्ने र फाल्नको लागि निकाल्ने तरिकाको पम्पलेट" (अंग्रेजी, चाइनिज, कोरियन, टागालाग, नेपाली र भियतनामिज) को व्यवस्था गरिएको छ। माथि उल्लेख नगरिएको स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर वर्गीकरण गर्ने र फाल्नको लागि निकाल्ने तरिकाबारे पम्पलेटमा हेर्नुहोस्।




सरसफाइ शाखा ☎ 03-5744-1628 FAX 03-5744-1550
E-mail kan-seso@city.ota.tokyo.jp

## 【साइकल चोरी र साइकल आदिको पार्किङको बारेमा】

सडक वा स्टेसन वरिपरिको स्थानमा साइकल नराख्नुहोस्। साइकल पार्किङ स्थलमा रोकेर राख्ने गरौं। स्टेसन वरिपरिको स्थानमा राखिएको साइकलहरूलाई हटाइने अवस्थाहरू पनि हुन सक्छन्।
ओता सहरमा धेरै साइकल पार्किङ स्थलहरू छन्। साइकल पार्किङ स्थल अनुसार प्रयोग समय र प्रयोग शुल्क फरक हुन्छन्। साइकल पार्किङ स्थल र होमपेजमा राम्रोसँग निश्चय गर्नुहोस्।
साथै ओता सहरमा धेरै साइकलहरू चोरी भइरहेका छन्। आफ्नो घर र साइकल पार्किङ स्थलमा साइकल राख्ने बेलामा पनि अनिवार्य रूपमा साइकल लक गर्नुहोस्।
चोर्नलाई अझ बढी समय लाग्ने हुनाले, विशेष गरी दुई ठाउँमा लक गर्ने टु-लक प्रभावकारी हुन्छ। टु-लकद्वारा महत्त्वपूर्ण साइकललाई सुरक्षित राखौं।


©Ota City

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा ☎ 03-5744-1315 FAX 03-5744-1527
E-mail toshikan@city.ota.tokyo.jp

## 【अंग्रेजी चित्र किताब कथा कथन कार्यक्रम】

कथा कथन स्वयं सेवक समूह “लुपिन्स् (Lupines)” द्वारा अंग्रेजीमा चित्र किताब पढेर सुनाउने, तेआसोबी (हातले विभिन्न इसारा गरेर खेल्ने), गीत गाउने आदि पनि गरिन्छ। हामी चित्र किताबको माध्यमबाट बालबालिकालाई अंग्रेजी भाषासँग परिचित गराई, शान्त र समृद्ध तरिकामा बालबालिका हुर्कने वातावरण प्रदान गर्दछौं।

- जोर नम्बरको महिनाको चौथो शनिबार 11:00 am
- इकेगामी पुस्तकालय
- निःशुल्क
- प्रत्येक पटक 8 समूह (1 समूह: बच्चा र बुबा वा आमा वा अभिभावक)
- अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ।
- इकेगामी पुस्तकालय
  ☎ 03-3752-3341
  FAX 03-3752-9749




©Ota City

## 【साइकल न्याभिगेसन मार्क र न्याभिगेसन लाइनको बारेमा】

ओता सहरमा सहरको सडकहरूमा साइकल न्याभिगेसन मार्क र न्याभिगेसन लाइन बनाइएको छ। यी सवारी साधनको मार्गको बायाँ छेउमा छ र यसले साइकल चलाउन सिफारिस गरिएका ठाउँहरू संकेत गर्दछ।

- सुरक्षामा ध्यान दिई मार्क माथि, वाण चिन्हको दिशा तर्फ चलाउनुहोस्।
- अरूलाई बाटो छोड्दै चलाउनुहोस्।
- ट्राफिक लाइट नभएको चौबाटोहरूमा एक पटक रोकी, दायाँबायाँको सुरक्षा निश्चय गर्ने जस्ता यातायात नियम तथा मर्यादाको पालना गर्नुहोस्।
- सडकमा पार्किङ गरिएको सवारी साधनलाई ओभरटेक गर्दा, अनिवार्य रूपमा पछाडिबाट साइकल आदि नआएको कुरा निश्चय गर्नुहोस्।



**स्रोत: महानगरीय प्रहरी विभागको वेबसाइट**

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा ☎ 03-5744-1315 FAX 03-5744-1527
E-mail toshikan@city.ota.tokyo.jp

## 【तेह्रौं 21 सेइकी साकुरा माचुरी】

"21 सेइकी साकुरा माचुरी" भनेको टोल समिति तथा टोल संघ, स्थानीय व्यापार सञ्चालकहरू, सम्बन्धित संस्थाहरू आदि एकजुट भई आपसी सम्बन्धलाई प्रगाड बनाई यस क्षेत्रलाई बलियो बनाउने इभेन्ट हो। यस पटकको साकुरा माचुरीमा पनि हरेक पटक सबैले रुचाइदिनुभएको स्टेज, इभेन्ट कर्नर, फ्रि-मार्केट, बुथहरू जस्ता रमाइला कार्यक्रमहरू धेरै योजना गरिएका छन्।

ध्यान दिनुपर्ने कुराहरू

- इभेन्टको दिन इभेन्ट हुने स्थान भित्र प्रवेश गर्ने व्यक्ति सङ्ख्या सीमित गरिने अवस्थाहरू पनि हुन सक्छन्।
- इभेन्ट हुने स्थानमा सवारी साधनमा नआउनुहोस्।

- 2024 साल मार्च 24 तारिख (आइतबार) 10:00 am~3:00 pm
- यागुची विशेष उपशाखा कार्यालय/ यागुची सामुदायिक केन्द्र
- यागुची विशेष उपशाखा कार्यालय
  ☎ 03-3759-4686
  FAX 03-3759-1492
  E-mail yaguti@city.ota.tokyo.jp



## 【जापानी भाषा अध्ययन गरेर हेर्न चाहनुहुन्छ?】



©Ota City

स्वयंसेवकको जापानी भाषाको क्लास छ। प्रत्येक क्लास अनुसार शुल्क, समय, ठाउँ र आवेदन विधि फरक हुन्छन्। थप जानकारी चाहने क्लास भएमा सीधै क्लासमा सम्पर्क गर्नुहोस्। क्लासको सूचीको लागि होमपेज हेर्नुहोस्।

## 【विदेशी भाषामा सेवा प्रदान गर्न सक्ने अस्पतालहरू छन्!】

"ओता चिकित्सा BOOK" मा विदेशी भाषामा सेवा प्रदान गर्न सक्ने अस्पतालहरूको जानकारी लेखिएको छ। यसमा अंग्रेजी, चाइनिज, भियतनामिज र नेपाली भाषाहरू छन्। "ओता चिकित्सा BOOK" को लागि होमपेज हेर्नुहोस्।




## 【ओता सहर बाहिर बसाइ सरेर जाने बेला प्रक्रिया गर्नु पर्नेछ!】

सहर बाहिर बसाइ सरेर जाने बेला "घर सर्ने आवेदन" भन्ने प्रक्रिया गर्नु पर्नेछ। विस्तृत जानकारीको लागि होमपेजमा गई निश्चय गर्नुहोस्।

- बसाइ सर्ने 14 दिन जति अगाडिबाट
- ओता सहर कार्यालय मुख्य भवन अथवा विशेष उपशाखा कार्यालय
- प्रक्रिया गर्ने बेला रेसिडेन्स कार्ड, माइ-नम्बर कार्ड आदि (परिचय निश्चय कागजात) लिएर आउनुहोस्।

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा ☎ 03-5744-1227 FAX 03-5744-1323

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा

ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र

☎ 03-5744-1227 FAX 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶